# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**मुसिकोट, रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश, नेपाल**

## नदिजन्य पदार्थको उत्खनन, संकलन र विक्री वितरण सम्बन्धी शिलवन्दी दरभाउपत्रको सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/२५ गते)**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क. र मन्त्रालयको ढुङ्गा, गिट्टी, वालुवा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ दफा ४ (घ) को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी यस मुसिकोट नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०८१/०८२ को कर चुक्ता प्रमाण पत्र (म्याद थप) र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही शिलवन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | सुचना नं. शिलवन्दी दरभाउपत्र नं. | शिलवन्दी दरभाउपत्रको नाम | उत्खनन परीमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम ५% | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | शिल./मु.न.पा./न.प.०१)०८२/०८३ | प्रियतरा (दुरे) खण्ड वगर मु.न.पा. १४ | १४२२४८.९६ | ७११२४४.८० | ३६००० | १००० |
| २ | शिल./मु.न.पा./न.प.०३)०८२/०८३ | भलखोला किनार बगर ०१ मु.न.पा. १ | २४३८५५.३६ | १२१९२७६.८० | ६१००० | १००० |
| ३ | शिल./मु.न.पा./न.प.०४)०८२/०८३ | भलखोला किनार बगर ०२ मु.न.पा. १ | १०४७८१.६० | ५२३९०८.०० | २७००० | १००० |

**शर्तहरु:**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. ब. ०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (म्यादथप), व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिलवन्दी दरभाउपत्र फारम खरिद दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद वानेपाल बैंक लिमिटेड शाखा कार्यालय मुसीकोट, रुकुम (पश्चिम) मा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७७०३००००१००१००००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ् निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। शिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तैपछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र/शिलवन्दी दरभाउपत्र सम्बन्धि फारम भर्दा कवोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड मुसिकोट, रुकुम (पश्चिम) शाखामा रहेको धरौटी खाता नं. ०७७०३००००३००००००००१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिनको म्याद भएको विड बण्ड शिलवन्दि दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।

३. पेश गरेको शिलवन्दी दरभाउपत्रहरुमा बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी गरि खाम बाहिर फारामको नाम, ठेगाना, कामको विवरण, शिलवन्दी दरभाउपत्रको बिबरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सुचना पकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालमा हार्डकपि दर्ता गर्नुपर्ने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको शिलवन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपुर्बक पर्न आएका शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १३.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि शीलवन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि शिलवन्दि दरभाउपत्र खोल्न वाधा पर्नेछैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. म्याद नाघी, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। शीलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। IEE Report मा तोकिएको भन्दा वढी परिमाणमा नदीजन्य पदार्थ उत्खनन वा संकलन गर्न पाइने छैन।

६. शिलवन्दी दरभाउपत्र स्विकृत भएमा सोको सूचना पाएको मितिले १५ दिनभित्र मु.अ. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम कार्यालयको विभाज्य कोष खातामा दाखिला गर्नु पर्नेछ। र वांकी ५०% रकम वरावरको २०८४ साल आषाढ मसान्त सम्म म्याद भएको निशर्त वैंक ग्यारेण्टी उपलब्ध गराउनुपर्ने छ। वैंक ग्यारेण्टी वमोजिमको वांकी रकम जेष्ठ मसान्तभित्र कार्यालयको विभाज्य कोष खातामा दाखिला गरिसक्नु पर्ने छ। साथै बोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कबुल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियम अनुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा रकम जफत गरी नियमअनुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानूनमा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यबाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**